# नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

एफएनजे न्यूजलेटर जेठ-असार, २०७४ | FNJ Newsletter June-July, 2017




## शुभकामना सन्देश

प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ हो । लोकतान्त्रिक शासन व्यवस्थामा मात्रै प्रेस स्वतन्त्रताको वास्तविक अभ्यास हुन्छ । लोकतन्त्रलाई संस्थागत गर्न स्वतन्त्र प्रेसको र स्वतन्त्र प्रेसलाई प्रवर्द्धन गर्न लोकतन्त्रको महत्वपूर्ण भूमिका हुन्छ ।

नेपालमा २००७ सालदेखि प्रजातान्त्रिक शासन व्यवस्थाको अभ्यास भए पनि अहिलेसम्म लोकतन्त्र संस्थागत हुन सकेको छैन । त्यसको असर प्रेस स्वतन्त्रताको अभ्यासमा पनि परेको छ ।

२०७२ सालमा संविधानसभाबाट जारी संविधानमा प्रेसका अधिकार प्रत्याभूत गरिएका छन् । यसअघिका संविधानहरूमा पनि अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको उल्लेख गर्दै आएको पाइन्छ । तर, अभ्यासमा भने बेला-बेलामा अवरोध सिर्जना गर्ने मात्र होइन, स्वतन्त्र प्रेसलाई संकुचित गर्ने र कतिपय अवस्थामा त समाप्त नै गर्ने प्रयास समेत भएका छन् ।

जब-जब प्रेस स्वतन्त्रतामा कुण्ठित गर्ने प्रयास भएका छन्, तब-तब नेपाल पत्रकार महासंघले त्यसका विरुद्ध आवाज बुलन्द गर्दै आएको छ । पत्रकारको सुरक्षा, पेशागत हक हित जस्ता विषय त महासंघका सदाबहार प्राथमिकताका विषय रहिआएका छन् ।

लोकतान्त्रिक मूल्य-मान्यता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकारको भौतिक तथा पेशागत सुरक्षाका लागि पत्रकार महासंघले कहींकतै सम्झौता गर्दैन । र, समस्या तथा चुनौती देखा परे भने तत्काल् आफ्नो ठाउँबाट खबरदारी गरिरहन्छ, समाधानको पहलमा लागिरहन्छ ।

यसै सन्दर्भमा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, पत्रकारको भौतिक तथा पेशागत सुरक्षा, महासंघले निर्वाह गरेको भूमिका, पत्रकारिताका क्षेत्रका विभिन्न आयाम लगायतलाई समावेश गरी नेपाल पत्रकार महासंघले न्यूजलेटर प्रकाशित गर्न लागेकोमा खुशी लागेको छ । यसको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**डा. महेन्द्र विष्ट**
अध्यक्ष, नेपाल पत्रकार महासंघ

# महासंघको २५ औं महाधिवेशन भदौ पहिलो साता

**महासंघका केन्द्रीय सभासद्समेत रहेका क्रियाशील पत्रकारहरू स्थानीय निर्वाचन र सोको परिणामको समाचार संकलन र सम्प्रेषणमा व्यस्त हुनुपर्ने भएको हुँदा महाधिवेशन मिति सार्न जिल्ला-जिल्लाबाट अनुरोध आएपछि महाधिवेशनको नयाँ मिति तय गरिएको हो ।**

नेपाल पत्रकार महासंघको २५औं महाधिवेशन २०७४ साल भदौ ४ र ५ गते काठमाडौंमा हुने भएको छ । असार ८ गते बसेको सचिवालय बैठकले महासंघ केन्द्रीय समितिको बैठकले अधिकार प्रत्यायोजन गरे अनुसार महाविधेशनको नयाँ मिति तय गरेको हो । यसअघि २०७४ असार २२ र २३ गते गर्ने निर्णय गरिएको थियो । मुलुकमा विद्यमान अवस्था र स्थानीय तहको निर्वाचनको स्थितिलाई दृष्टिगत गरी भदौमा महाधिवशेन गर्ने निर्णय गरेको महासंघले जनाएको छ ।

सरकारले स्थानीय तहको दोस्रो चरणको निर्वाचन जेठ ३१ गतेको सट्टा पहिले असार ९ र पछि असार १४ गतेको लागि निर्धारण गरेको कारण महासंघका केन्द्रीय सभासद्समेत रहेका क्रियाशील पत्रकारहरू स्थानीय निर्वाचन र सोको परिणामको समाचार संकलन र सम्प्रेषणमा अधिक व्यस्त हुनुपर्ने भएको हुँदा महाधिवेशन मिति सार्न जिल्ला-जिल्लाबाट अनुरोध आएपछि महाधिवेशन गर्न नयाँ मिति तय गरिएको महासंघले जनाएको छ ।

'महासंघका संरचना र सरोकारवाला संघसंगठन र अग्रजहरूसँग समेतको परामर्श, मौसमको प्रतिकूलता एवं महाधिवेशन गर्न निर्विकल्पजस्तै रहेको सभास्थलको उपलब्धतासमेतलाई मध्यनजर गरी परिस्थितिजन्य बाध्यता र सहभागीको सहजताको निम्ति आवश्यकताको सिद्धान्तको आधारमा महासंघको २५औं महाधिवेशन २०७४ भदौ ४ र ५ गते काठमाडौंको प्रज्ञा भवनमा गर्ने निर्णय भएको छ'- महासंघका महासचिव उजिर मगरद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

महासंघले असहज परिस्थितिका कारण महासंघ महाधिवेशनको मिति सार्नुपर्दा पर्न गएको असुविधाका लागि क्षमा याचना गर्दै महासंघ महाधिवेशनको नयाँ मितिमा अनिवार्य उपस्थितिका लागि केन्द्रीय कार्यकारिणी सभा सदस्य (केन्द्रीय सभासद) हरूलाई आह्वान गरेको छ ।

महाधिवेशनका मुख्य प्रस्तावहरूमा महासंघको कार्यप्रगति, सांगठनिक अवस्था एवं नीति तथा कार्यक्रमसम्बन्धी महासचिवको प्रतिवेदन, महासंघको आयव्ययको विवरणसम्बन्धी कोषाध्यक्षको प्रतिवेदन र श्रमजीवी पत्रकारको पेशागत तथा भौतिक सुरक्षा एवं व्यावसायिक विकाससम्बन्धी प्रस्ताव रहेका छन् । महाधिवेशनले आगामी तीन वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

### मुख्य प्रस्ताव

- महासंघको कार्यप्रगति, सांगठनिक अवस्था एवं नीति तथा कार्यक्रमसम्बन्धी महासचिवको प्रतिवेदन
- महासंघको आयव्ययको विवरण सम्बन्धी कोषाध्यक्षको प्रतिवेदन
- श्रमजीवी पत्रकारको पेशागत तथा भौतिक सुरक्षा एवं व्यावसायिक विकास
- नयाँ नेतृत्व चयन

# सहज पहुँच आवश्यक : अध्यक्ष डा. विष्ट



नेपाल पत्रकार महासंघका अध्यक्ष डा.महेन्द्र विष्टले स्थानीय तहको निर्वाचनका क्रममा कतिपय ठाउँमा पत्रकारले रिपोर्टिङका लागि सहज पहुँच नपाएको भन्दै निर्वाध रूपमा समाचार संकलनको वातावरण हुनुपर्ने बताउनु भएको छ ।

असार २० गते फ्रि मिडिया नेटवर्कको बैठकमा बोल्दै अध्यक्ष डा. विष्टले मतगणना स्थलमा पत्रकारले प्रवेश पाउन नसकेको भन्दै आगामी दिनमा त्यसमा सुधार गर्न सरकार र निर्वाचन आयोगलाई आग्रह गर्नुभयो ।

प्रेस काउन्सिलका नेपालका अध्यक्ष भवानी बरालले निर्वाचनका क्रममा आचारसंहिता उल्लंघन गरेका मिडियालाई काउन्सिलले ध्यानाकर्षण गराएको जानकारी दिनुभयो । उहाँले निर्वाचन आचारसंहितमा पारिमार्जन गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

सूचना विभागका महानिर्देशक वीरबहादुर राईले निर्वाचनका क्रममा रिपोर्टिङ गर्न सहज होस् भनेर विभागले प्रवेशका लागि सहज वातावरण तयार पारेको दाबी गर्नुभयो ।

पत्रकार महासंका पूर्वअध्यक्ष डा.सुरेश आचार्यले मुलुकमा गणतन्त्र स्थापना भइसकेको अवस्थामा समेत पत्रकारको पहुँचलाई विगतमा जस्तै सीमित राखिएको बताउनु भयो

त्यसैगरी पत्रकार महासंघका पूर्वअध्यक्ष एवं सल्लाहकार शिव गाँउलेले पत्रकारका सुरक्षाका निम्ति महासंघ, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, राष्ट्रिय मानव अधिकार आयोगलगायतका संघसंस्था एकै ठाउँमा बसेर साझा धारणा आवश्यक छ, भन्नुभयो ।

पत्रकार महासंघका पूर्वअध्यक्ष विष्णु निष्ठुरीले पत्रकारको सुरक्षाका लागि घटनाको सही पहिचान गरी पक्षपात रहित भएर काम गर्न महासंघलाई सुझाव दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका उपनिर्देशक डा. टिकाराम पोखरेलले सूचनामा अवरोध गर्ने सरकार र निर्वाचन आयोगको नियत नभै सही सूचना प्रवाह नहुँदा समस्या आएको बताउनुभयो ।

महासंघका उपाध्यक्ष अनिता विन्दुले मौन अवधिमा सञ्चार गृहले गर्न हुने र गर्नु नहुने विषयलाई थप स्पष्ट पार्न आवश्यक भएको बताउनुभयो ।

इन्टरनेशनल अलर्टका नेपालका निमित्त प्रतिनिधि रविन्द्र गुरुङले पत्रकारको सुरक्षाका लागि सबै पक्षबीच साझा धारणा बनाएर अघि बढ्दा प्रभावकारिता बढ्ने धारणा व्यक्त गर्नु भयो ।

इन्टरेनशनल फेडेरेसन अफ जर्नालिष्ट (आइएफजे)का दक्षिण एसियाका संयोजक उज्ज्वल आचार्यले पत्रकारको भौतिक, पेशागत र डिजिटल सुरक्षामा सबै पक्षले ध्यान दिन आवश्यक छ, भन्नुभयो ।

# पत्रकारको सुरक्षामा ध्यान दिन महासंघद्वारा प्रधानमन्त्रीलाई आग्रह

नेपाल पत्रकार महासंघले पत्रकारको सुरक्षामा ध्यान दिन प्रधानमन्त्री शेरबहादुर देउवालाई आग्रह गरेको छ ।

पत्रकार महासंघका अध्यक्ष डा.महेन्द्र विष्टको नेतृत्वको प्रतिनिधि मण्डलले २०७४ साल असार ५ गते प्रधानमन्त्री देउवालाई भेटी बधाई तथा शुभकामना दिँदै पत्रकारको सुरक्षामा ध्यान दिन आग्रह गरेको हो । सो अवसरमा महासंघका अध्यक्ष डा. विष्टले



> “ समाचार लेखेकै कारण पत्रकारहरू पक्राउ नपरुन् साथै पत्रकारको पेशागत सुरक्षामा सरकारको ध्यान जाओस् । ”

समाचार लेखेकै कारण पत्रकारहरू पक्राउ परेको जानकारी गराउँदै पत्रकार हरूको पेशागत सुरक्षामा पनि ध्यान दिन सरकारलाई आग्रह गर्नु भयो । उहाँले राष्ट्रिय नीति छिटो भन्दा छिटो कार्यान्वयन गर्न पनि माग गर्नुभयो ।

प्रधानमन्त्री शेरबहादुर देउवाले पत्रकार महासंघको प्रतिनिधिमण्डलाई धन्यवाद व्यक्त गर्दै संविधानको पूर्ण कार्यान्वयनमा पत्रकारको भूमिका उल्लेखनीय रहेको बताउनु भयो । उहाँले कानुन सबैका निम्ति समान भएकाले त्यसको पालना सबैले गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । प्रधानमन्त्री देउवाले मेलमिलाप, राष्ट्रिय एकता, समावेशीता, संघीयता, जनजाति, अल्पसङ्ख्यकलगायतका विषयमा जोड दिन पत्रकारहरूलाई आग्रह गर्नुभयो ।




# बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान

नेपाल पत्रकार महासंघले केन्द्रीय बालकल्याण समितिसँगको सहकार्यमा बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गरेको छ ।

असार २३ गते आयोजना गरिएको कार्यक्रममा उपत्यका र मोफसलका रेडियो, छापा र टेलिभिजनमाध्यम गरी ८ जना पत्रकारलाई जनही २५ हजार रुपैयाँ राशीको पुरस्कार प्रदान गरिएको हो । पुरस्कृत पत्रकारहरूमा छापा माध्यमतर्फ रामकला खड्का (उपत्यका–अन्नपूर्ण पोष्ट, काठमाडौं), मुकेश पोखरेल (मोफसल-हिमाल खबर पत्रिका, रुपन्देही), टेलिभिजनतर्फ उपत्यकाबाट सलिना उप्रेती र संस्कृति चालिसे (नयाँ पुस्ता) लाई संयुक्त र कृष्ण अधिकारी (मोफसल, नेपाल टेलिभिजन) हुनुहुन्छ ।

यसैगरी रेडियो पत्रकारितातर्फ लक्ष्मी बस्नेत (उपत्यका-सामुदायिक सूचना नेटवर्क), चिरञ्जीवी तिमल्सिना (सुमन सुस्केरा) (मोफसल–स्काइ एफएम, विराटनगर) र कार्यक्रम सञ्चालकतर्फ रुपा शर्मा (उपत्यका–मेट्रो एफएम, काठमाडौं) र मनोजकुमार मेहता (रेडियो पूर्वेली आवाज-मोरङ) हुनुहुन्छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष डा.महेन्द्र विष्टले पुरस्कृत पत्रकार हरूलाई बधाई तथा शुभकामना दिनुहुँदै बालबालिकका विषयमा सबै पत्रकारहरू संवेदनशील हुन आग्रह गर्नु भएको थियो ।

## तालिम सम्पन्न

नेपाल पत्रकार महासंघ, इन्टरनेशनल अलर्ट र युरोपियन युनियनको सहकार्य अन्तर्गत सञ्चालन भएको 'अभिव्यक्तिको अधिकार: नेपालमा सञ्चारमाध्यमका अभिव्यक्ति स्वतन्त्रता प्रवर्द्धन' सम्बन्धी तालिम सुनसरी, पर्सा र कैलालीमा सम्पन्न भएको छ । फ्रि मिडिया नेटवर्कका पदाधिकारी, पत्रकारहरू र विभिन्नब संस्थाका प्रतिनिधिहरूलाई प्रेस स्वतन्त्रता हनन्को अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्डबारे तालिम प्रदान गरिएको थियो ।

यसैगरी सुनसरी, पर्सा, रुपन्देही, बाँके र कैलालीमा फ्रि मिडिया नेटवर्कको बैठकहरू भएका छन् । नेटवर्कको काठमाडौंमा तीन, कैलालीमा पाँच, सुनसरीमा छ, बाँकेमा चार, रुपन्देहीमा चार र पर्सामा तीनवटा बैठक भएका छन् । बैठकमा पत्रकारको सुरक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, स्थानीय तहको निर्वाचनमा आचारसंहिता, सूचनाको पहुँचलगायतका विषयमा छलफल भएको थियो ।

## अधिवेशन सम्पन्न

नेपाल पत्रकार महासंघको सबै जिल्ला शाखा, प्रतिष्ठान र एसोसियटको अधिवेशन सम्पन्न भएको छ । ७५ जिल्ला शाखा, ४२ प्रतिष्ठान, ११ एसोसियट र ७ वैदेशिक शाखा गरी १३५ वटा शाखाको अधिवेशनबाट १४ सय भन्दा बढी सभासद् (केन्द्रीय प्रतिनिधि) चयन भएको महासंघले जनाएको छ ।

# उम्मेदवार हुन चाहने पत्रकारलाई सदस्यताबाट राजीनामा दिन महासंघको आग्रह

नेपाल पत्रकार महासंघले स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन चाहने पत्रकारलाई सदस्यताबाट राजीनामा दिन आग्रह गरेको छ । स्थानीय तहको निर्वाचनमा पत्रकारहरू पनि उम्मेदवार भइरहेको सन्दर्भमा २०७४ जेठ २४ गते महासंघको सचिवालयको बैठकले सो निर्णय गरेको हो ।

साथै, बैठकले महासंघका कुनै पनि तह (केन्द्र, प्रदेश, जिल्ला) कार्यसमितिभित्र पदाधिकारी वा सदस्य रहिरहेको व्यक्ति कुनै पनि राजनीतिक पदको निर्वाचनमा उम्मेदवार हुने भएमा महासंघको विधानको अक्षर र भावना बमोजिम उम्मेदवार हुनुअघि महासंघको कार्यसमितिबाट राजीनामा गर्न आग्रह गरेको हो । राजीनामा नगरी उम्मेद्वार भएमा कार्य समितिको पद स्वत: रिक्त भएको मानिने महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

बैठकले महासंघ कार्यसमितिमा रहेका बाहेक अन्य पद वा साधारण सदस्य रहिरहेका व्यक्तिका हकमा राजनीति र पत्रकारिता एकसाथ गर्दा स्वार्थ बाझिने भएकाले नैतिक रूपमा महासंघको सदस्यता तथा पत्रकारिताबाट अलग रहेको स्वयं घोषणा गर्न पनि आग्रह गरेको छ । यस सन्दर्भमा नीतिगत छलफल आगामी महाधिवेशनमा समेत हुने विश्वास गरिएको महासंघका महासचिव उजिर मगरद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।



# प्राथमिकताका सबै विषयमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छौं

नेपाल पत्रकार महासंघको वर्तमान नेतृत्वले तीन वर्षको कार्यकाल सम्पन्न गरेको छ । महासंघले आगामी भदौको पहिलो साता महाधिवेशन गर्ने निर्णय गरेको छ । प्रस्तुत छ, महाधिवेशन र तीन वर्षे कार्यकालमा केन्द्रित रहेर महासंघका अध्यक्ष **डा. महेन्द्र विष्ट**सँग गरिएको कुराकानी-

**नेपाल पत्रकार महासंघको महाधिवेशन तीन पटक सरिसकेको छ। अब भदौमा गर्ने निर्णय भएको छ। महाधिवेशनको मिति किन पटक-पटक सार्नु भएको ?**

पत्रकार महासंघको महाधिवेशन केही कार्यकालदेखि प्रत्येक तीन वर्षको मे ३ मा हुँदै आएको थियो। यसपटक पनि त्यही समयका लागि (वैशाख २० गते ) गर्ने भनेका थियौं। तर, वैशाख ३१ मा एकै चरणमा स्थानीय तहको निर्वाचन गर्ने घोषणा भयो। त्यसपछि हामीले हाम्रो महाधिवेशन जेठको २० र २१ गतेलाई सार्‍यौं। त्यसपछि स्थानीय तहको निर्वाचन दुई चरणमा गर्ने र दोस्रो चरणको निर्वाचन जेठ ३१ गते निर्णय भयो। त्यसले हामीलाई डिस्टर्ब गर्‍यो। त्यसपछि हामीले असारको २२ र २३ मा महाधिवेशन गर्ने निर्णय गर्‍यौं। दोस्रो चरणको निर्वाचन जेठ ३१ गते नहुने भएपछि असार १४ गतेका लागि सर्‍यो। त्यसपछि हामीले हाम्रो महाधिवेशन भदौ ४ र ५ गतेका लागि तय गरेका छौं।

स्थानीय निर्वाचनका बेला पत्रकारहरू आ-आफ्नो फिल्डमा निर्वाचनको प्रक्रिया र त्यसको परिणामको रिपोर्टिङ गर्न अति व्यस्त हुनुपर्ने भएकोले महाधिवेशन सार्न हामीलाई जिल्ला तथा केन्द्रका सभासद् तथा प्रतिनिधिहरूबाट सुझाव आएको थियो। अरू पत्रकारले पनि निर्वाचनका बेला अति व्यस्त हुनुपर्ने भएकाले पनि सार्न आग्रह गर्नु भएको थियो। उनीहरूको सुझाव र व्यावहारिक पक्षलाई ध्यानमा राखेर महाधिवेशन सारिएको हो। भदौमा सार्नुको अर्को कारण बर्खायाम पनि हो। बर्खामा साथीहरूलाई आवतजावत गर्न एकदमै कठिन हुने भयो। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सबै साथीहरू भेला हुनुपर्ने र विदेशबाट पनि आउनुपर्ने हुन्छ। अब सबैलाई विश्वस्त पार्नु चाहन्छु, भदौ ४ र ५ मा महाधिवेशन हुन्छ। सोहीअनुसार तयारी गर्न म सबैलाई आग्रह गर्दछु।

**पत्रकार महासंघको वर्तमान नेतृत्वले तीन वर्षे कार्यकालमा मुख्य उपलब्धिहरू के के हासिल गर्‍यो भन्ने यहाँलाई लाग्छ ?**

तीन वर्षको कार्यकाल सुरु गर्नु अघि निर्वाचनका बेला र हामी निर्वाचित भइसकेपछिको पहिलो कार्य समितिको बैठकले महासंघको तीन वर्षको प्राथमिकतामा भनेर सात वटा बुँदा निर्धारण गरेको थियो। ती सबै बुँदामा केन्द्रित भएर हामीले काम गरेका छौं। र, उपलब्धि हासिल गरेका छौं।

श्रमजीवी पत्रकारको पेशागत हकहितको क्षेत्रमा हामीले प्राथमिकता साथ काम गरेका छौं। न्यूनतम पारिश्रमिकमा दोब्बर वृद्धि भयो भने श्रमजीवी पत्रकारसम्बन्धी ऐन कार्यान्वयनका निम्ति सम्बन्धित सञ्चार गृहको व्यवस्थापनलाई हाम्रो तर्फबाट र सरकारका तर्फबाटसमेत दबाब दिने वातावरण सिर्जना गर्‍यौं। व्यवस्थापिका संसद्को समितिहरूको बैठकमा मन्त्रीसहितको छलफल चलाएर दबाब दिने काम भएको छ।

केही पत्रकारका मुद्दाहरू अदालतमा लैजाने, महिनौंसम्म पारिश्रमिक नदिने र दिनेतर्फ चेष्टा समेत नगरेका सञ्चार गृहमा आन्दोलन र धर्ना दिने काम गऱ्यौं । हाम्रो पहल र सक्रियताका कारण धेरै पत्रकारले न्याय पाउनुभएको छ । पत्रकारले मुद्दा पनि जित्नु भएको छ ।

**अनि भौतिक सुरक्षाको सम्बन्धमा के के गर्नु भयो त ?**

हामीले पत्रकारको भौतिक सुरक्षाको निम्ति धेरै काम गरेका छौं । विगतको आँकडालाई तुलना गरेर हेर्ने हो भने त्यो स्पष्ट हुन्छ । यस अवधिमा डरलाग्दो प्रकृतिका घटना भएनन् । यद्यपि प्रवृतिगत आधारमा अहिले पनि प्रेस स्वतन्त्रता तथा पत्रकारको भौतिक सुरक्षामा चुनौतीहरू कायमै छन् । पत्रकारलाई गिरफ्तार गर्ने, दुर्व्यवहार गर्ने, धम्की दिने, आक्रमण गर्ने, रिपोर्टिङका क्रममा अवरोध सिर्जना गर्ने, सूचनाको पहुँचमा अवरोध गर्ने काम बेलाबेलामा भएको छ । जहाँ समस्या र चुनौती देखा परेको छ, त्यसमा हामी सशक्त रूपमा काम गरेका छौं । त्यसले गर्दा पनि धेरै सुधार भएको छ भन्ने लागेको छ । पत्रकारहरूले पनि केही परेमा महासंघमार्फत नै अघि बढनु पर्छ भन्ने गर्नु भएको छ । यो भनेको पत्रकार महासंघप्रतिको विश्वास अझ बढ्दै जानु हो । त्यसलाई हामीले पूँजीका रूपमा लिएका छौं ।

**यसबीचमा केही नीति आए । केही कानून आउन लाग्दा विरोध पनि गर्नु भयो किन ?**

यही समयमा आमसञ्चार नीति २०७३ जारी भएको छ । नेपालको संविधान जारी भएको छ । राज्यका तहबाट नीतिगत हस्तक्षेपका घटनाहरू भए । मूलभूतरूपमा संविधान निर्माणको बेलामा प्रेसलाई कुण्ठित गर्ने प्रयासहरू भए । त्यसलाई संविधानको मस्यौदामा हेर्दा यो संविधानमा धेरै नै फरक पाउनुहुन्छ । संविधानमा प्रेससम्बन्धी व्यवस्थामा हामी पूर्ण रूपमा सन्तुष्ट छैनौं । कहीं न कहीं शंकाका क्षेत्र छन् । भोलि कानून निर्माण गर्दा हामीले समयमा सजगतापूर्वक हेर्नुपर्ने अवस्थाहरू रहेका छन् । त्यसैगरी अदालतको अवहेलनासम्बन्धी विधेयकको बेला होस या अनलाइन निर्देशिकासम्बन्धी यस्ता कुराहरूमा एउटा किसिमको राज्यको तर्फबाट हस्तक्षेपका केही घटना भए ।

अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्न हामीले नीतिगत दबाब दियौं । त्यसैगरी नेपालका मिडियालाई अघि बढाउन सहज वातावरण सिर्जना गर्न पनि हामीले सम्बन्धित पक्षलाई आग्रह गऱ्यौं । आवश्यकता पर्दा दबाब दियौं । डेलिगेसन पनि गएका छौं । प्रेसमाथि नीतिगत रूपमा आक्रमण गर्दा हामीले सशक्त प्रतिवाद गऱ्यौं ।

संसदमा अदालतको अवहेलनासम्बन्धी विधेयक दर्ता गरियो । यो विधेयक प्रेसका अधिकारलाई कुण्ठित गर्न आएको थियो । हामीले यसको सशक्त प्रतिवाद गरेकाले नेपालको लोकतान्त्रिक इतिहासमा पहिलो चोटी संसद्लाई जनताको राय लिन बाध्य पाऱ्यौं । जसले गर्दा सरकार तथा संसद् पछि हट्न बाध्य भयो ।

त्यसैगरी अनलाईन निर्देशिकाको नाममा प्रेसलाई नियन्त्रण गर्ने प्रयास पटक-पटक गरियो । त्यसलाई पत्रकार महासंघले संस्थागत रूपमा दबाब सृजना गर्नुका साथै धेरै कार्यक्रम सञ्चालन गऱ्यो । हाम्रो पहलका कारण नै प्रेसका अधिकार कटौती गर्ने जुन प्रयास भएका थिए, तिनीहरू असफल भएका छन् । तर, यसमै सन्तुष्ट मानेर बस्न चाहिँ हुँदैन । अधिकार रक्षाका लागि हरदम चनाखो रहेर बस्न आवश्यक छ । आवश्कयता पर्दा महासंघले सामाजिक राजनीतिक आन्दोलनमा समेत सशक्त भूमिका निर्वाह गरेको छ ।

अरु स्थलगत रूपमा सुरक्षाकर्मीबाट हुने पत्रकार माथिका दुर्व्यवहार, हस्तक्षेप, कुटपिट, थुनछेका घटनाहरू भए, एक खालको चुनौतीका रूपमा रहे । अनि राज्यले संरक्षण गर्न नसकेको कारणले गैरराज्य पक्षबाट भएका आक्रमणहरू विभिन्न किसिमका राजनीतिक गैरराजनीतिक क्षेत्रका आक्रमणका घटनाहरू यो अवधिका प्रेस स्वतन्त्रता हननका र पत्रकारको भोतिक सुरक्षाका सन्दर्भको चुनौती भए । ती सबै विषयलाई महासंघले रेकर्ड गर्नुका साथै सार्वजनिक समेत गर्दै आएको छ ।

**पत्रकारको क्षमता अभिवृद्धिको क्षेत्रमा ?**

यस अवधिमा पत्रकारको दक्षता अभिवृद्धि गर्न धेरै तालिमका कार्यक्रमहरू सञ्चालन गरेका छौं । पत्रकारलाई आवश्यक हुने विषयमा यस्ता कार्यक्रम गरेका छौं । विभिन्न खालका कार्यक्रमहरूले धेरै पत्रकारलाई समेटेको छ । कतिपय अवस्थामा कार्यक्रमहरू गरेका छौं । फिल्डमा पनि लगेका छौं । फेलोसिप प्रदान गरेका छौं । पत्रकारलाई पुरस्कार प्रदान गरेका छौं । यी सबै कार्यक्रम कुनै न कुनै रूपमा पत्रकारको क्षमता अभिवृद्धिसँग जोडिएका छन् ।

स्थलगत रूपमा पनि काम भएका छन् । हामीले छुट्टै तालिम संस्थाका रूपमा राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने प्रयास गरेका छौं । तर दुर्भाग्यवस, एउटा खालको राजनीतिकरणका कारणले त्यसले व्यवहारमा सार्थकता पाउन सकेन । यद्यपि तीन/तीन वटा बजेट वक्तव्यमा परेका छन् । यसका लागि कार्यदल बनेको छ, अभ्यास पनि हुँदैछ । पछिल्लो समयमा प्रदेश स्तरमै आमसञ्चार प्रष्ठानको स्थापना गर्न बजेट पनि छुट्टाइएको अवस्था छ ।

> “पत्रकारको पेशामा रहँदारहँदै जुनसुकै कारणले मृत्यु भएमा उसको परिवार तथा बालबच्चाको पठन पाठनका समस्यालाई शैक्षिक वृतिका रुपमा सहयोग गरेर पढाउने गरी काम गरेका छौं ।”

**पत्रकारको सामाजिक सुरक्षा क्षेत्रमा काम गर्नु भएको छ ?**

हो हामीले यस क्षेत्रमा पनि काम गर्दै आएका छौं । पत्रकारको सामाजिक सुरक्षाका निम्ति ५ लाख रुयैयाँको पत्रकार दुर्घटना बीमा यही अवधिमा गराएका छौं । यो काम अहिले पनि जारी छ । ६५ वर्षको उमेर पुगेका र ३० वर्षभन्दा लामो पत्रकारितामा रहेका पत्रकारका लागि ज्येष्ठ पत्रकार सम्मान वृत्तिको व्यवस्था गरेका छौं ।

पत्रकारको पेशामा रहँदारहँदै वा जुनसुकै कारणले मृत्यु भएमा उसको परिवार तथा बालबच्चाको पठन पाठनका समस्यालाई शैक्षिक वृत्तिका रुपमा सहयोग गरेर पढाउने गरी काम गरेका छौं । प्राकृतिक विपत्ति वा जुनसुकै कारणले गर्दा पत्रकारलाई कुनै समस्या आइ लागेमा र विपत्को घडीमा हेलिकप्टर नै चार्टर गरेर उपचार गर्न सक्ने गरी हामीले दुईवटा कोषको स्थापना गरेका छौं ।

**यस अवधिमा चुनौतीहरू के के पाउनु भयो ?**

कपितय परिस्थितिजन्य चुनौतीहरू आए । दुई वर्ष अघिको भूकम्प, तराई मधेस आन्दोलन, नाकाबन्दी लगायतले परिस्थितिजन्य चुनौती सिर्जना गरे । भूकम्पको कारण पत्रकारको मृत्यु र भौतिक क्षतिसँगै मिडियामा ठूलो धक्का लाग्यो । मधेस आन्दोलनका बेला ठाउँ-ठाउँमा प्रेसमाथि अवरोध सिर्जना गर्ने काम भयो । यस क्रममा मिडिया विभाजित हुने अवस्था पनि सिर्जना भयो । तर, हामीले सहज ढंगले पार लगाउने काम गऱ्यौं । राज्य र गैर राज्यपक्षबाट पनि मिडिया र पत्रकारलाई अप्ठ्यारोमा पार्ने प्रयास भए ।

जब आन्दोलनहरू हुन्छन्, प्रेसमाथि बढी आक्रमण हुने त्यति मात्रै हैन, पत्रकारलाई लेख्नका निम्तिसमेत दबाब दिने आधारमा पनि यस्ता किसिमका घटनाहरू भएका छन् । हामीले स्वनियन्त्रण र दण्डहीनतालाई पनि चुनौतीका रूपमा लिएका छौं ।

महाधिवेशनलाई निर्धारित समयमा सञ्चालन गर्न प्रयत्नरत थियौं । त्यो पनि राजनीतिक परिस्थितिले गर्दा सकिएन त्यो पनि अर्को चुनौतीमा पर्छ । महासंघको भवनमा तालाबन्दीलगायतका घटना भए । संगठन सुदृढीकरण, शुद्धीकरण लगायतका क्षेत्रमा पनि चुनौतीहरू आए । जति चुनौतीहरू आए, तिनीहरूलाई पार लगाउँदै हामी अघि बढेका छौं । २४ औं महाधिवेशनबाट हामी आउँदा महासंघ र पत्रकारितामा जे अवस्था थियो, २५ औं महाधिवेशनमा पुग्दा थुप्रै परिवर्तन हुनु यो अवधिकोको चुनौतीलाई पार गर्दै भएको उपलब्धी मान्नु पर्छ भन्ने लाग्छ ।

# स्थानीय तहको निर्वाचन

# प्रदेश नम्बर सातमा जे देखियो



गंगा बीसी

स्थानीय निकाय निर्वाचनले गाउँ/नगर जगाएको थियो। गाउँ चलायमान भएका थिए। त्यसबेला उम्मेदवार सक्रिय हुने नै भए, मतदाता पनि उत्तिकै सक्रिय भएका थिए। किनकि त्यो लोकतन्त्रको कम्पन थियो। लोकतन्त्र अभ्यासले उम्मेदवार, मतदाता र अरु पक्षलाई हल्लाउँछ। यसपटक प्रदेश नम्बर सातको चुनावी रिपोर्टिङका क्रममा महसुस भयो, आवधिक निर्वाचनले नेता, जनता सबैलाई एकपटक जगायो। सबैका आ-आफ्ना चासो र सरोकार चर्को मुखरित भएर आएका थिए।

प्रदेश नम्बर सातमा पहिलो चरणममा निर्वाचन भएन, बीचमा चुनावी गतिविधि सुस्तायो। असार १४ गते भएको दोस्रो चरणको निर्वाचनले फेरि सक्रिय बनायो। पहिलो चरणको निर्वाचन स्थगित भएकाले उम्मेदवारलाई प्रचारप्रसारका लागि प्रशस्त समय भयो। उम्मेदवारहरू मतदातासमक्ष दुई तीन फेरो लगाउन भ्याए। चुनावी खर्च पनि बढ्यो। मतदाताले पनि उम्मेदवार समक्ष धेरै कुरा राख्न पाए। अरु बेला उम्मेदवारसँग दोहोरो संवाद नभए पनि चुनावका बेला मतदाताले आफ्ना चासो र सरोकार खुलेर बोले। चुनावमा मतदाता सामु नेता झुके। मतदाता बलिया देखिए।

प्रदेश नम्बर सातका पहाडी जिल्लामा कांग्रेस, एमाले र माओवादीबीच मुख्य प्रतिस्पर्धा भयो। तराईका कैलाली र कञ्चनपुरमा लोकतान्त्रिक मधेसी मोर्चाले पनि टक्कर दियो। मुख्यगरी तीन दलीय प्रतिष्पर्धालाई सञ्चारमाध्यामले प्राथमिकता दिनु स्वभाविक थियो। हामीले पनि त्यही गऱ्यौं। राजनीतिक दलका उम्मेदवारको आ-आफ्ना मुद्दा थिए। मुख्य गरी विकास निर्माणका विषय उम्मेदवार र मतदाताका चासोका विषय थिए। मनमा खास विश्वास नभए पनि उम्मेदवारले 'सपनाको विकास' बाँडेका थिए। मनमा कम विश्वास भए पनि मतदाताले आफ्ना माग खुला रूपमा राखेका थिए। मतदाताले उम्मेदवार सामु प्रश्नप्रश्नै तेर्स्याए, 'जिते पनि तपाईं जनताका लागि के गर्नुहुन्छ ?' उम्मेदवारहरू पनि के कम ? डोटी दिपायलको पिपल्लाको दलित बस्तीमा उम्मेदवारले आश्वासनको बाढी बगाएका थिए। हरेक नगरगाउँमा आश्वासन नै आश्वासनले भरिएका थिए। उम्मेदवारले निर्वाचित भएपछि सक्ने/नसक्ने आश्वासन दिएका थिए। ती कुरा उम्मेदवारले कमै पत्याएका थिए। तिनै विषयवस्तु रिपोर्टिङका मुख्य बनेका थिए।

> “ कैलालीको टीकापुरमा करिब दुई वर्षअघि भएको घटनाको छायाँ चुनावमा पनि देखियो । त्यो घटनालाई चाहेर पनि उनीहरूले बिर्सन सकेका थिएनन् । चुनावले एकपटक फेरि घुलमिल हुने मौका दियो । मनमा रहेका चिसो हटाउन सघाउ पुग्यो । त्यो समाचारको विषय थियो र बन्यो । ”

प्रदेश नम्बर सातका पहाडी जिल्लाका सदरमुकामबाहेक अरु ठाउँमा एफएम रेडियोबाहेक अरु सञ्चारमाध्यामको पहुँच कम छ। कान्तिपुर टीमसँग आफ्ना कुरा केन्द्र (राजधानी) मा पुऱ्याइदिनु भन्दै मतदाताले खुलेर कुरा गरे। उनीहरूका कुरा त्यही रूपमा लेखेका सामग्री पक्कै पनि नौला थिए। त्यही कुरा बढी रोचक पनि।

अछामको बयलपाटाको मुस्लिम बस्तीमा भने देखिने गरी चुनावको रौनक थिएन। कारण यस्तो थियो, 'पार्टीका झण्डा र चिन्ह राखे दाइभाइबीच मनमुटाव आउन सक्छ, त्यसैले गाउँमा कुनै झण्डा राखिएन।' यो सद्भावको नौलो नमुना थियो। यद्यपि त्यो बस्तीमा प्रमुख पार्टीका समर्थक थिए।

बाजुराको बेतालमाण्डुमा चुनाव चर्कै लागेको थियो। बुढापाकाहरू चुनावमा 'भोट हालेर केही हुँदैन' भनेर तर्क गर्दै थिए भने युवाचाहिँ बढी आशावादी देखिए। अबका जनप्रतिनिधिहरू गाउँ नगरमै बस्ने भएकाले विकास हुने तर्क ती युवाको थियो। 'काम नगरे हामी जनप्रतिनिधिको कान समात्छौं, काम नगरेर हुन्छ ?' ती युवाहरू भन्दै थिए। निर्वाचनमा आशा पलाउनु पनि चुनावका सकरात्मक खबर थियो।

डडेल्धुरा कांग्रेसमा गटबन्दीको चरम नमुना देखियो। सभापति एवं कांग्रेस सभापति शेरबहादुर देउवा निकट को हुने भन्ने दौडले चरम विवाद ल्याएको थियो। देउवा र उनकी पत्नी आरजु राणा देउवाका विश्वास लिएका नेताले गरेको टिकट वितरणले त्यहाँको निर्वाचन परिणाममा नकरात्मक असर पऱ्यो।

कैलालीको टीकापुरमा करिब दुई वर्षअघि भएको घटनाको छायाँ चुनावमा पनि देखियो। त्यो घटनालाई चाहेर पनि उनीहरूले बिर्सन सकेका थिएनन्। चुनावले एकपटक फेरि घुलमिल हुने मौका दियो। मनमा रहेका चिसो हटाउन सघाउ पुग्यो। त्यो समाचारको विषय थियो र बन्यो। थारु र पहाडी समुदायबीचको सद्भाव कैलालीमा आवश्यक छ, त्यसले मात्र त्यहाँको विकासमा सघाउ पुऱ्याउनेछ। धनगढीमा भने स्वतन्त्र उम्मेदवारको चर्चा बढी नै थियो। धनगढीका चर्चित व्यवसायी गोपाल (गोपी) हमालले प्रमुखमा स्वतन्त्र उम्मेदवारी दिएपछि माहोल तातेको देखियो।

कञ्चनपुर नेपालको सुदूरपश्चिम तराईको अन्तिम जिल्ला हो। त्यहाँ पनि निर्वाचनको माहौल नतात्ने कुरै भएन। तर, मन छुने कुरा थियो। चुनावका बेला महेन्द्रनगर हुँदै बनबासा नाकाबाट भारतमा काम खोज्न जाने नेपालीहरू भेटिए। आफ्नै पिडा थियो, उनीहरूको। भन्दै थिए, 'चुनावले केही दिने होइन, जिउ पाल्न जानै पऱ्यो।'

*(बीसी कान्तिपुर दैनिकको जिल्ला ब्यूरो प्रमुख हुनुहुन्छ)*



बाजुराको बुढीगंगा नगरपालिकाको दलित बस्तीमा चुनावी रौनक। तस्वीर : हेमन्त श्रेष्ठ

# पत्रकारिताका दुई पुस्तक प्रकाशित




यस्तै महासंघका महासचिव उजिर मगरद्वारा लिखित 'अंश' नामक पुस्तक प्रकाशित भएको छ। असार ६ गते राजधानीमा अयोाजित कार्यक्रममा पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसहित वरिष्ठ पत्रकारहरूले सो पुस्तक संयुक्तरूपमा लोकार्पण गर्नु भएको थियो।

महासचिव मगरको पुस्तकमा माओवादी सशस्त्र संघर्ष, मिडिया, नेपाली समाज, समाचार संकलनका क्रममा आफू ज्यानै जोखिममा पारेर विभिन्न ठाउँमा पुग्दाको अनुभूति लगायतका पक्षलाई समेटिएको छ। नाउर प्रकाशन प्रालिले पुस्तक प्रकाशित गरेको हो।

**नेपाल** पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्टद्वारा लिखित 'नेपालमा प्रेस स्वतन्त्रता' नामक पुस्तक प्रकाशित भएको छ। असार २२ गते राजधानीमा आयोजित कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले पुस्तक सार्वजनिक गर्नु भएको हो।

पुस्तकमा नेपालमा प्रेस स्वतन्त्रता र पत्रकारिताको अवधारणा, विकास, विश्वव्यापी मान्यता र वर्तमान अवस्थाको विशद पुनरावलोकनका साथै नेपालको वर्तमान अवस्थाको साङ्गोपाङ्गो विश्लेषण गरिएको छ।

पुस्तक सेन्टर फर मिडिया रिसर्च नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रालिले प्रकाशित गरेको हो।




## प्रेस स्वतन्त्रता उल्लंघनका घटना

**जेठ ३**
नेपाल प्रहरीद्वारा नेपाल पत्रकार महासंघ ललितपुर कार्यसमिति सदस्य, नेट पत्रिका डटकमका प्रकाशक तथा सम्पादक एवं जनता टेलिभिजनका सम्वाददाता विकास भट्टराई र महासंघ दाङ शाखाका सदस्य तथा जनपाटी अनलाईनमका सम्पादक सुदर्शन मंगोल पक्राउ। पत्रकार महासंघद्वारा भर्त्सना।

**जेठ ४**
सर्वोच्च अदालतद्वारा कामबाट हटाइएका पत्रकार धर्मेन्द्र कुमार कर्णललाई सुविधा दिन नेपाल वान व्यवस्थापनलाई आदेश। पत्रकार महासंघद्वारा अदालतको फैसला कार्यान्वयन गर्न आग्रह।

**जेठ १२**
नेपाल महासंघकी केन्द्रीय सदस्य सुष्मा पौडेललगायत पोखरामा क्रियाशील पत्रकार महिलाहरूलाई समाचार लेखेकै आधारमा भौतिक कारबाहीको धम्की। अनुसन्धान तथा कारबाही नभएकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण।

**जेठ १५**
बुटवलस्थित लुम्बिनी टेलिभिजनका समाचार वाचक एवं खस्यौली रेडियो बुटवलका कार्यक्रम प्रस्तोता तथा बुलन्द साप्ताहिकका क्षेत्रीय प्रतिनिधि कृष्णप्रसाद पाण्डेमाथि कुटपिट । नेपाल पत्रकार महासंघको ध्यानाकर्षण।

**जेठ २४**
नेपाल प्रहरीद्वारा नेपाल पत्रकार महासंघ प्युठान शाखाका सहसचिव तथा लिस्ने एमफएम र मान्टेन टिभीका प्युठान संवाददाता हरि भण्डारी र लिस्ने एफएमकै संवाददाता राजेन्द्र राउत क्षेत्री पक्राउ। पत्रकार महासंघद्वारा हस्तक्षेपको विरोध गर्दै दोषीलाई कारबाही गर्न माग।

**जेठ २५**
प्रसारित कार्यक्रमको विषयलाई लिएर नेपाल पत्रकार महासंघ हुम्ला शाखा अध्यक्ष एवं सामुदायिक रेडियो कर्णाली आवाजमा कार्यरत अर्जुन बोहरा र र रोडियो प्रस्तोता मिमसिंह नेपालीमाथि आक्रमण र दुर्व्यवहा। पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण।

**जेठ २७**
भक्तपुरको ठिमीस्थित हनुमन्ते खोलाको प्राकृतिक धार परिर्वतनको समाचार संकलनका क्रममा महासंघ भक्तपुर शाखा कार्यसमिति सदस्य तथा कान्तिपुर दैनिककी लीला श्रेष्ठ, पार्षद एवं रासस्का फोटो पत्रकार रत्नकृष्ण श्रेष्ठ, रमेश गिरी र मिडिया एमपीका पत्रकार सुदिपकुमार पौडेलमाथि दुर्व्यवहार। महासंघद्वारा दोषीलाई कारबाही गर्न माग।

## सन् २०१७ मे ४ देखि जुलाई १८ सम्म नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईमा दर्ता भएका प्रेस स्वतन्त्रता हनन्का घटना

| | प्रदेश नं. १ | | | प्रदेश नं. २ | | | प्रदेश नं. ३ | | | प्रदेश नं. ४ | | | प्रदेश नं. ५ | | | प्रदेश नं. ६ | | | प्रदेश नं. ७ | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घटनाको प्रकृति | पुरुष | महिला | संस्था | पुरुष | महिला | संस्था | पुरुष | महिला | संस्था | पुरुष | महिला | संस्था | पुरुष | महिला | संस्था | पुरुष | महिला | संस्था | पुरुष | महिला | संस्था | |
| मृत्यु | | | | | | | | | | | | | | | | | | | | | | ० |
| पक्राउ | | | | | | | ४ | | | २ | | | ३ | | | | | | २ | | | ११ |
| नियन्त्रण | | | | | | | २ | | | | | | | | | | | | | | | २ |
| बेपत्ता | | | | | | | १ | | | | | | | | | | | | | | | १ |
| कब्जा | | | | | | | | | | | | | | | | | | | | | | ० |
| आक्रमण | | | | | | | | | | | | | १ | | | २ | | | २ | | | ५ |
| यौन दुर्व्यवहार | | | | | | | | | | | | | | | | | | | | | | ० |
| धम्की | | | | | | | | | | | १ | | | | | | | | | | | १ |
| नीतिगत बन्देज | | | | | | | | | | | | | | | | | | | | | | ० |
| रोजगारबाट वञ्चित | | | | | | | | | | | | | | | | | | | | | | ० |
| आरोप | | | | | | | | | | | | | | | | | | | | | | ० |
| दुर्व्यवहार | | | | १ | | | ४ | १ | | | | | | | | | | | | | | ६ |
| व्यवसायमा अवरोध | | | | | | | १ | | २ | | | | | | | | | | | | | ३ |
| साधनमाथि आक्रमण | | | | | | | | | | | | | | | | | | १ | | | | १ |
| कुल घटना | ० | ० | ० | १ | ० | ० | १२ | १ | २ | २ | १ | ० | ४ | ० | ० | २ | ० | १ | ४ | ० | ० | ३० |
| **प्रदेशमा** | ० | | | १ | | | १५ | | | ३ | | | ४ | | | ३ | | | ४ | | | ३० |
| **जम्मा घटना** | पुरुष– २५ | | | महिला– २ | | | संस्था– ३ | | | कुल– ३० | | | | | | | | | | | | |

## एक सय वाटसम्मको एफएम रेडियो र पत्रिका दर्ता स्थानीय तहमा

**एक** सय वाटसम्मको एफएम रेडियो र पत्रपत्रिका दर्ता स्थानीय तहमा हुने भएको छ। २०७४ साल जेठ १७ गते मन्त्रिपरिषद्को बैठकले पारित गरेको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ ले गाउँपालिका वा नगरपालिकालाई एक सय वाटसम्मको एफएम रेडियोको दर्ता, सञ्चालन अनुमति, नवीकरण, खारेजी र नियमनको अधिकार दिएको छ। यस्तै प्रदेशको कानूनको अधिनमा रही एफएम सञ्चालन सम्बन्धी कार्य गर्ने अधिकार पनि दिएको छ।

सेवा सञ्चालन सम्बन्धी आदेशले स्थानीय तहका पत्रपत्रिकाको दर्ता अभिलेख तथा नियमन, संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारबिहीन टेलिभिजनको प्रसारणको अनुमति, नवीकरण र नियमनको अधिकार पनि दिएको छ। स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने अधिकार पनि गाउँपालिका र नगरपालिकालाई प्रदान गरिएको छ।

## ४८ घण्टापछि रिहा

**नेपाल** प्रहरीद्वारा न्यूनतम पारिश्रमिक निर्धारण समितिका पूर्वअध्यक्ष तथा कञ्चनपुरको महेन्द्रनगरबाट प्रकाशित दैनिक मानसखण्डका सम्पादक खेम भण्डारी र कार्यकारी सम्पादक गणेश भट्टलाई पक्राउ गरी ४८ घण्टापछि रिहा गरेको छ।

स्थानीय दुई युवतीलाई प्रहरीले पक्राउ गरेको विषयमा समाचार पत्रिकामा प्रकाशित भएपछि सोही विषयलाई लिएर प्रहरीले पत्रकारद्वयलाई असार ३ गते पक्राउ गरेको थियो।

महासंघले शक्तिको दुरुपयोग गरी पत्रकारलाई पक्राउ गरिएको भन्दै तत्काल रिहा गर्न माग गरेको थियो। महासंघले केन्द्रीय सदस्य तथा सुदूरपश्चिम संयोजक प्रकाशविक्रम शाहको संयोजकत्वमा स्थानीय तहमा मिसन खटाएको थियो भने केन्द्रमा गृहमन्त्री लगायत सरकारी निकायसँग रिहाइका लागि पहल गरेको थियो।

## अदालतद्वारा सफाई

**विद्युतीय** कारोबार ऐन अन्तर्गत पक्राउ गरी मुद्दा चलाइएका सिरहाका पत्रकार अर्जुन थपलिया र सन्तोष यादवलाई काठमाडौं जिल्ला अदालतले सफाई दिएको छ। न्यायाधीश पुनाराम खनालको इजलासले बिनाआधार उहाँहरूलाई विद्युतीय कारोबार ऐन अन्तर्गतको अभियोग लगाइएको भन्दै असार २३ गते मुद्दा खारेज गरेको हो।

गत मंसिरमा सिरहाका तत्कालीन एसपी श्यामलाल ज्ञवालीले पत्रकारमाथि उक्त अभियोग लगाउनु भएको थियो। पत्रिकामा प्रकाशित विषय फेसबुकमा पोस्ट गरेको आधारमा मुद्दा चलाइएको थियो।

**प्रकाशक** : युरोपियन युनियन र इन्टरनेशनल अलर्टको सहयोगमा नेपाल पत्रकार महासंघ, सञ्चारग्राम, तिलगंगा, काठमाडौं।
फोन : ४११२७६३, ४११२६७३, Email : fnjnepal@mail.com.np, Web: fnjnepal.org